कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
रुकुम (पश्चिम) नेपाल

आ.व.: ०७९/०८०
च.नं.:

## उद्यमीहरुको लागि उपयुक्त प्रविधि हस्तान्तरण गर्ने सम्वन्धि सूचना :

## प्रथम पटक प्रकासित मितिः २०७९/०९/१९

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यलय रुकुम पश्चिमको आ.व. ०७९/०८० को वार्षिक स्विकृत कार्यक्रम बमोजिम लघु, घरेलु तथा साना उद्योगहरुको विकास, विस्तार र प्रवर्द्धनका लागि छनौट भएका उद्यमीहरुलाई मेशिन, ज्यावल तथा औजार उपकरणहरु लागत सहभागिताका आधारमा उपलब्ध गराउने कार्यक्रम भएको हुँदा आवश्यक योग्यता पुगेका उद्यमीहरुले तपसिल बमोजिम उल्लेखित व्यहोराको अधिनमा रही प्रथम पटक सूचना प्रकासित भएको मिति २०७९/०९/१९ गते देखि २०७९/१०/०३ गते भित्र कार्यालय समयमा तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

तपशिल :

(क) उद्यमीले पेश गर्नुपर्ने कागजातहरु (सि.नं. १ देखि सि.नं. ५ सम्म अनिवार्य पेश गर्नुपर्नेछ) ।

१) अनुसूची ३ अनुसार निवेदन ।

२) उद्यमीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

३) उद्योग दर्ता र नवीकरण भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी स्थायी पाना नं. को प्रतिलिपी, आ.व. ०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र ५० लाख भन्दा बढी कुल पूँजी भएको उद्योगको हकमा आ.व. ०७८/०७९ को अडिड रिपोर्ट (म्याद समाप्त भएको भए म्याद थमौती पत्र समेत पेश गर्नुपर्ने छ) ।

४) उद्योग संचालित अवस्यामा रहे/नरहेको, रोजगारीको विवरण तथा अनुदान उपलब्ध गराई दिने व्यहोराको स्थानीय तहको सिफारिस पत्र ।

५) अन्य/विभिन्न क्षेत्रवाट अनुदान प्राप्त गरेको/नगरेको सम्बन्धमा स्वघोषणा पत्र ।

६) आवश्यक सामाग्री संग मेल खाने कम्तीमा कुनै १ (एक) कम्पनीको विस्तृत स्पेशिफिकेशन खुल्ने ब्रोसियर । उक्त ब्रोसियरमा उद्यमीको हस्ताक्षर र फर्मको छाप अनिवार्य रुपमा हुनुपर्ने छ ।

७) साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम लगायत अन्य सरकारी निकायबाट तालिम प्राप्त गरी उद्योग व्यवसाय संचालन गरेको भए प्रमाण पत्रको प्रतिलिपि ।

८) लक्षित वर्गका (दलित, आदिवासी जनजाती, पिछडिएको समुदाय, अल्पसंख्यक, अपांग र सिमान्तकृत समुदायका नागरिक) हकमा सम्वन्धित निकायबाट प्रमाणित कागजातको प्रतिलिपि ।

९) तालिम प्राप्त जनशक्ति कार्यरत रहेको भए कामदारको तालिम सम्बन्धी कागजातहरुको प्रतिलिपि ।

१०) आवश्यक अन्य कागजात एवं विवरण ।

उपलब्ध गराईने अनुदानको विवरण :

ख) अनुदानग्राहीको तर्फबाट गर्नुपर्ने साझेदारी : लक्षित वर्ग अन्तरगत पर्ने लाभग्राहीको ३०% लागत सहभागिता हुनेछ भने अन्यको हकमा ५०% लागत सहभागिता हुनेछ । अनुदान कार्यालयको तर्फबाट २ लाखमा नबढ्ने गरि सहयोग गर्न सकिने छ ।

नोट :

१) आवेदनको ढाँचा अनुसूची फाराम कार्यालयवाट प्राप्त गर्न सकिने छ ।

२) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको सम्पर्क नं. ९८५७८५३३७८ र ९८४६५७२३८७ मा सम्पर्क राख्नुहोला ।

३) कार्यक्रम सञ्चालनको समयमा कार्यविधि संशोधन भएमा सोहि बमोजिम हुनेछ ।

९।१९

.................
मोहन कुमार के.सी.
कार्यालय प्रमुख

कार्यालय प्रमुख